नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १७९ २०८० साल फागुन ४ गते शुक्रबार (16 Feb. 2024 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : प्रजातान्त्रिक आन्दोलनका... ३ पृष्ठमा : ४२ प्रतिशतमा यौन रोगको... ३ पृष्ठमा : जापानलाई उछिन्दै जर्मनी...

# जिम्मेवार र मर्यादित पत्रकारिता गर्न सुझाव




**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

६३ औं वार्षिक उत्सवको अवसर पारेर राष्ट्रिय समाचार समिति (रासस) सप्तरीले बिहिबार आयोजना गरेको अन्तरक्रिया कार्यक्रमका सहभागी वक्ताहरुले पत्रकार आचार संहिताको पूर्णपालना गर्दै जिम्मेवार र मर्यादित पत्रकारिता गर्न सुझाव दिएका छन् ।

"जिम्मेवार पत्रकारिता र राससको भूमिका" विषयक अन्तरक्रियाका प्रमुख अतिथि मधेश प्रदेशका अर्थ तथा योजना समितिका सभापति सतिशकुमार सिंहले आचारसंहिताको पूर्णपालना गर्दै जिम्मेवार र मर्यादित पत्रकारिता गर्न सञ्चारकर्मीहरूलाई आग्रह गरे ।

उनले जिम्मेवार र मर्यादित पत्रकारिताले यस क्षेत्रको विकास र विश्वासनीयता कायम गर्न मद्दत पुग्ने बताए । रासस सरकारी मिडिया संस्था भएकाले सरकारको गतिविधिलाई समाचारमा प्राथमिकता दिने गरेको भन्दै उनले भने, "सरकारको कतै कुनै कमजोरी र त्रुटि भए त्यसलाई पनि समाचार बनाएर पाठक समक्ष प्रस्तुत गर्दा सुधारमा थप मद्दत पुग्नेछ ।"

मुलुकमा ठूलो संख्यामा मैथली भाषाभाषी रहेको भन्दै उनले राससले आफ्नो समाचार सामग्री मैथिली भाषामा समेत पाठक समक्ष पस्कन सके मैथिली भाषाभाषीले समेत राससप्रति अपनत्व महसुस गर्ने वातावरणको निर्माण हुने बताए ।

पत्रकारिता गर्नेहरुलाई सरकारले न्युत्तम पारिश्रमिक निरधारण गर्नुपर्ने जिकिर गर्दै उनले मधेस प्रदेशमा भइरहेको बिभिन्न घटनाहरु प्रति जिम्मेवार पत्रकारहरुले कलम चलाउनुपर्नेमा जोड समेत दिए ।

राससका प्रादेशिक प्रमुख टिकाराम सुनारले रासस पत्रकारिताको जननी रहेको बताउँदै आफूहरू स्वास्थ्य, निष्पक्ष र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्धनका लागि आफ्नो अधिकार क्षेत्रभित्र रहेर काम गर्दै आएको बताए । उनले जनताको करबाट सरकारी मिडिया रासस चलिरहेको भन्दै समय समयमा खबरदारी र सहकार्य गर्नुपर्नेमा जोड दिए । राससले २४ घण्टा समाचार दिने तैयारी गरिरहेको भन्दै अहिले राससले बिचारसोवा, नेपाली भाषा, अङग्रेजी, अडियो, भिडियो, फोटो र हालमा आवधी भाषा सुरु गरेको जानकारी दिदै अहिले बदलिदो अवस्थााम राससमा मैथिली भाषाको पनि कुरा चलिरहेकोले यसमा सबैले सहयोग गर्नुपर्ने बताए ।

नेपाल पत्रकार महासंघका अध्यक्षा श्रवणकुमार देवले राससले संघीयता अनुरुप यसबर्षदेखि जिल्ला/जिल्लामा बार्षिकोत्सव मनाउन लागिएको भन्दै शुभकामना ब्यक्त दिए । उनले पत्रकारिता पेशा जिम्मेवार भएकाले पत्रकारहरुले सामाजिक परिर्वतनमा अहम भुमिका खेल्नुपर्ने उल्लेख गरे । अहिले डिजिटल युग भएकाले पत्रकारितामा पनि परिर्वतन हुनुपर्नेमा जोड दिदै उनले राससले पनि जालभ्रैलबाट मुक्त भई निश्पक्ष समाचार सम्प्रेसन गर्नुपर्ने विचार राखे ।

प्रेस स्वतन्त्रता सेनानी एवं बरिष्ठ पत्रकार बैधनाथ झाले पत्रकार जिम्मेवार हुनुपर्ने बताउदै भने, "रासस पहिला सरकारको मात्र समाचार दिन्थ्यो तर, अहिले युग परिर्वतन भएसंगै सामाजिक, राजनैतिक र समाजिक न्याय जस्ता समाचारहरु दिन थालिएकोमा खुशि छु ।"

पत्रकार महासंघका सल्लाहकार मनोहर कुमार पोखरेलले राससले यस बर्ष जिल्ला जिल्लामा बार्षिकोत्सव मनाइरहेकोप्रति शुभकामना दिदै सधै सरकारको पक्षमा समाचार मात्र नभई बिपक्षको पनि समाचारले प्राथमिकता पाउनुपर्नेमा जोड दिए । जिम्मेवार पत्रकार स्वतन्त्र पत्रकार भएर काम गर्नुपर्ने भन्दै उनले भ्रमपुर्ण समाचारका कारण पनि युटुवरहरुले गर्दा सामाजिक बिकृती बढिरहेको बताए ।

मैथिली साहित्य परिषद्का अध्यक्ष अवधेश झाले केही गैरपत्रकारको गैरकानुनी गतिविधिले समग्र पत्रकारिता क्षेत्रलाई नै बदनाम गर्न लागेको भन्दै यसको रोकथामका लागि सबै मिलेर काम गर्नुपर्ने आवश्यकता औल्याए । उनले सक्रिय तथा क्रियाशील पत्रकारको सूची तयार गरी पत्रकार महासंघले जिल्लाका सबै कार्यालय र संघ संस्थामा विवरण पठाए त्यसबाट पनि धेरै हदसम्म विकृतिहरूको अन्त्य हुने विश्वास समेत व्यक्त गरे ।

राससका पुर्व प्रतिनिधि राजेश कुमार झाले २०५६ सालदेखि राससमा काम गर्दा खेरी कुरियर र फयाक्सबाट समाचार पठाउनुपर्ने अवस्था रहेकोमा अहिलेको इमेल र बिभिन्न माध्यमहरुको बिकास भएका कारण पत्रकारितामा सहज भएको बताए । अहिले राससमा पहिलाको भन्दा धेरै बिकसीत भएर बिभिन्न भाषामा समाचार सम्प्रेसन भइरहेको बताउदै राससमा मैथिली भाषामा पनि समाचार सम्प्रेशन गर्नुपर्नेमा जोड दिए ।

प्रेस युनियनका केन्द्रीय सदस्य सुधा देवले सरकारी मिडियाले महिलाहरुलाई पनि सहभागिता गराउनुपर्ने र सप्तरी जिल्लासहित मधेशका महिलाहरु अवसर नपाएका कारण पत्रकारितामा कमि आएको गुनासो पोखिन् । उनले सरकारी मिडियामा न्युन संख्यामा महिला देखिएपनि समाचारहरुमा पनि भेदभाव बढी देखिएको उल्लेख गरिन् ।

प्रहरी नायब उपरिक्षक दुण्डीराज नेउपानेले राससले जनतालाई जिम्मेवारी बहन हुने खालको समाचार दिइरहेको भन्दै प्रहरी र पत्रकार नङ्ग र मासुको सम्बन्ध हुने भएकाले सप्तरी जिल्लालाई अपराध मुक्त बनाउनका लागि पत्रकारहरुले पनि सहयोग गनुपर्नेमा जोड दिए ।

कार्यक्रममा जनता समाजवादी पार्टी (जसपा) नेपाल सप्तरीका अध्यक्ष केदार प्रसाद यादवले निस्पक्ष पत्रकारिता हुनुपर्नेमा जोड दिए ।

रासस सप्तरीका कार्यालय प्रमुख शम्भु प्रसाद यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राससका जिल्ला समाचारदाता अरुणकुमार यादव, नानिमैया कटवाल, सिरहाको लहान कार्यालयका प्रमुख सुदिप राउत, समाचारदाता लोकेन्द्र प्रसाद यादव लगायत बिभिन्न मिडियामा कार्यरत संचारकर्मी, राजनैतिक दलहरुका प्रतिनिधिहरु समेतको उपस्थित रहेको थियो ।

# रुंगटा परिवारको प्रश्न : चार पुस्तादेखि बस्दै आएका रुंगटा परिवारका सदस्यहरु कसरी गैर नागरिक भए ?

**दैनिक समाचारदाता**
**राजविराज, ३ माघ ।**

राजविराज नगरपालिका २ निवासी राजेन्द्र कुमार रुंगटाले आफ्नो पैतृक जग्गालाई व्यवस्थित गर्दै व्यापारिक क्षेत्रको रुपमा विकास गर्ने अवधारणाका साथ अघि बढेको बताएका छन् ।

राजविराज शहरलाई नव उर्जा दिन ग्रण्ड नेपाल रियल स्टेट प्रालीसँग कानुनी समझौता गरी नयाँ बजारको अवधारण अनुसार अगाडी बढेको उनले बताए ।

बिहीबार प्रेस विज्ञप्ती जारी गर्दै रुंगटाले विभिन्न कित्तामा रहेको जग्गालाई एकिकृत गराईएको प्रति भ्रम सृजना गरिएको जनाएको छ ।

राजविराज नगरपालिका २ स्थित रहेको उनको जग्गालाई किसिम परिवर्तन गराई प्लटिङ्ग गरेर बेच्न लागेको समाचार मिडियामा आएको थियो । सो प्रति ध्यानाकर्षण गराउँदै उद्योगी स्व. गोविन्दराम रुंगटाका छोरा राजेन्द्र रुंगटाले विज्ञप्ति जारी गरेर आफ्नो धारणा सार्वजनिक गरेका हुन् ।

'कानुनी प्रक्रिया अनुसार विभिन्न कित्तामा रहेको जग्गालाई एकिकृत गराईएको सन्दर्भमा विभिन्न प्रकारका भ्रम सृजना गरिदैछन् । यसतर्फ सप्तरीवासीको ध्यानाकर्षका निम्ति हार्दिक अनुरोध गर्न चाहन्छु' उनले जारी गरेको विज्ञप्तीमा भनिएको छ ।

राणाशासनकाल देखि हनुमाननगर हुँदै विक्रम सम्बत १९९८ सालमा ६० विघा क्षेत्रफल भित्र जग्गा दिएर राजविराजमा रुंगटा परिवारलाई बसाईएको प्रसंग उल्लेख गर्दै रुंगटाले आफ्नो बुवा तत्कालिन समयका स्थापित उद्योगी स्व.गोविन्दराम रुंगटा चर्चित समाजसेवी समेत भएको विज्ञप्ती मार्फत स्मरण गराएका छन् ।

राजविराज स्थित पविमावि, केअमाविको संस्थापक मध्येका एक र जिल्ला व्यापार संघको संस्थापक अध्यक्ष समेत रहेको रुंगटा परिवारलाई पछिल्लो समय परिस्थितिबस राजविराज हुमाननगर भन्दा भौतिक रुपमा थोरै टाढा बस्नुपर्ने अवस्था आएको जनाउँदै 'जिवनमा यस्ता कठिन समयहरु पनि आउँछन् जतिबेला हामी भावनात्मक रुपमा कठोर बनेर पनि केही निर्णयहरु लिनुपर्ने हुन्छ । तर के हामी भौतिक रुपमा थोरै टाढिदैमा गैर नागरिक भयौं त ?' रुंगटाले प्रश्न गरेका छन् ।

पछिल्लो चार पुस्तादेखि त्यही समाजसंगै बस्दै आएका रुंगटा परिवारका सदस्यहरु कसरी गैर नागरिक भएको बारे विज्ञप्तीमा सबाल समेत उनले उठाएका छन् । केही दिन यता रुंगटा परिवारजन दुई देशको नागरिक रहेको समाचार पनि मिडियामा सार्वजनिक भएको थियो । सो प्रति लक्षित गर्दै उनले '२०३० सालको दशक देखि नेपाली नागरिकको रुपमा हनुमाननगर तथा राजविराज बस्दै आएको रुंगटा परिवार रहरले सप्तरीबाट टाढिएको होईन् । यस तथ्यबाट हाम्रो समाजका अगुवाहरु अनभिज्ञ हुनुहुन्न' विज्ञप्ती मार्फत जनाईएको छ ।

रुंगटा परिवारको घर जग्गा लगायतका सम्पतीहरु यही रहेको उल्लेख गर्दै उनले नागरिकता, विभिन्न प्रकारका साना तिना प्रक्रियागत त्रुटिहरुको आधारमा रुंगटा परिवारलाई नाकारात्मक चर्चाको पात्र बनाइएको प्रति विज्ञप्ती मार्फत असंतुष्टि पोखेका छन् ।

**वैदेशिक रोजगारीमा जाँदा कामदार भिसामा मात्र जाऔं**

- भिजिट वा अन्य भिसामा वैदेशिक रोजगारमा नजाऔं,
- कामदार भिसाबाहेकका अन्य भिसामा कसैले वैदेशिक रोजगारमा लाने प्रलोभन ठगीको नियतले हुनसक्छ,
- ठगहरुले प्रलोभनमा पारी कामदार भिसाबाहेकका अन्य भिसामासमेत वैदेशिक रोजगारीमा लान सक्छन्,
- त्यसैले आफ्नो भिसा यकिन गरेरमात्र वैदेशिक रोजगारमा जाऔं,

वैदेशिक रोजगारलाई सुरक्षित बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### नगरपालिकाको हेलचक्राइले सोलार बत्तिको संरक्षण भएन

सप्तरी सदरमुकाम राजविराजको विभिन्न स्थानमा लगाइएको सोलार लाइटको अवस्थाबारे नगरपालिका आफै अनभिज्ञ रहेको छ । राजविराजमा नगरको विभिन्न सार्वजनिक स्थानमा विपी विचार समाज सप्तरीको समन्वयमा सोलार लाइट जड्ान गरिएको थियो । समाजको समन्वय र उर्जा प्रवर्द्धन केन्द्र काठमाडौंको सहयोगमा उक्त सोलार लाइट जड्ान गरिएको हो । विपी विचार समाजको पहलमा उर्जा प्रवर्द्धन केन्द्रले ६० वटा सोलार लाईट राजविराज नगरपालिकालाई दिएको थियो । सोलार लाइट जड्ान गर्नका लागि लाग्ने खर्चमा उर्जा प्रवर्द्धन केन्द्र काठमाडौंले ६० प्रतिशत, राजविराज नगरपालिका तथा जिविस सप्तरीले २०/२० प्रतिशत दिने सम्झौता भएबमोजिम उक्त लाइट जडान गरिएको थियो । तर, जडान गरिएको ती सोलार लाइटको अवस्थामा अहिले नगरपालिका आफै अनभिज्ञ हुनु कतिको न्यायोचित हो ?

विगतमा बढ्दो लोडसेडिङको समयमा चोरीको घटना बढ्दै बृद्धि भइरहेको बेला सोलार लाइटको जडानले घटना न्युनिकरण हुने उद्देश्यले ती बत्ति जडान गरिएको थियो । जड्ान गरिएका सेलार लाइट साँझ हुने बित्तिकै आफै बल्ने तथा बिहान उज्यालो हुने बितिक्कै आफै निभ्ने गरेकाले कुनै प्राविधिकको आवश्यकता पर्दैनथ्यो । अहिले ती एक स्थानमा पनि बत्तिहरुको अवशेष समेत रहेको छैन् । सम्बन्धित निकायको उचित निगरानीको अभावमा सोलार बत्तिको अस्तित्व नै समाप्त भएको छ ।

यसरी कुनै दातृनिकायले नगरको विकासका लागि लगाएको सोलार बत्ति लगायत अन्य उपकरणको सम्बर्द्ध र संरक्षण नहुनुले नगरवासीप्रति गैरजिम्मेवार पक्ष हो । नगरको विकासका लागि सम्बन्धित निकायले देखाएको गैरजिम्मेवारीपन र हेलचक्राइले आगामी दिनमा कसैले सहयोग गरेमा त्यो पनि यसरी नै सम्बर्द्धन र संरक्षणबिहीन हुने कुरामा दुईमत नहोला । तसर्थ नगरपालिका विकासको सवालमा आफु पन्छिने प्रवृतीले नगरको विकास सम्भव नहुने समेत दर्शाएको छ । यसप्रति ती निकाय गम्भिर हुनु आवश्यक छ ।

# प्रजातान्त्रिक आन्दोलनका विविध अभ्यास

**माजिद पर्वेज**
काठमाडौँ, ३ फागुन (रासस) ।

आधुनिक नेपाल राज्यको अढाई सय वर्ष लामो इतिहासमा राजनीतिक अर्थात् प्रजातान्त्रिक गतिविधिको सुरुआत भएको धेरै भएको छैन । बाइसेचौबिसे भनेर चिनिने ससाना राज्यलाई एकीकरण गर्दै गोर्खाका तत्कालीन राजा पृथ्वीनारायण शाहले आजको नेपाल निर्माण गरेका हुन् । ८७ वर्ष पूरा भएछ नेपालमा प्रजातन्त्र स्थापनाका लागि योद्धा सहिदहरूले सांगठनिक पहल थालेको । प्रजातन्त्र हुँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको खुला वातावरणमा बसेर भूमण्डलीकृत विश्व अर्थतन्त्रको लाभ लिइरहेको वर्तमान पुस्ताका लागि त्यो पहल एउटा तिलस्मी कथाप्रायः हो ।

यथार्थ के हो भने, अहिलेको यो सङ्घीय लोकतान्त्रिक गणतन्त्र त हाम्रा पूर्वजहरूको लामो सङ्घर्ष र कडा तपस्याको योगदान हो । नेपालको प्रजातान्त्रिक आन्दोलनको लामो उतार-चढाब पार गर्दै आजको यस समयमा आइपुगेको छ । राणाशासनको अन्त्य प्रजातन्त्रको स्थापनाको लागि चन्द्रशम्शेरको समयदेखि सुरु भएको नेपालको प्रजातान्त्रिक आन्दोलन विभिन्न चरण पार गर्दै आज सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अंगिकार गरेको समयमा आइपुगेको छ ।

**अन्तर्राष्ट्रिय अभ्यास**

जापानमा दोस्रो विश्वको अन्त्यपछि प्रजातान्त्रिक राज्य व्यवस्थाको स्थापनामा अमेरिकी सहयोग उल्लेखनीय रह्यो । राज्यलाई एकत्रित गरी विकासको गतिलाई द्रुतता दिन लडाइँमा भोगेको दुःख, मानवीय र संरचनात्मक क्षति, अपहेलनालाई मनमा राखेर तत्कालीन राजनेता, प्रशासक र उद्योगपतिहरुको त्रिकोणात्मक सहकार्यबाट छोटो समयमा एक समृद्ध राष्ट्रका रुपमा स्थापित भएको इतिहास छ ।

त्यसबेला स्थापित भएको लिबरल डेमोक्र्याटिक पार्टी (एलडिपी) को सुझबुझ, राष्ट्र निर्माणको प्रतिबद्धता, सत्यनिष्ठा र सुशासनप्रतिको निष्ठाको कारण जनताले विश्वास गर्दै आएका छन् । लामो समयसम्म सत्तामा रहेको एलडिपीको विभिन्न आर्थिक काण्डका कारण यस दलको विकल्पमा जापानी जनताले सन २००९ को आमनिर्वचनमा अत्यधिक मतका साथ प्रतिपक्षी दल डेमोक्रयाटिक पार्टी अफ जापानलाई राज्यसत्ता सुम्पे । तर अनुभवहीनता, दलभित्रको खिचातानी र भ्रष्टाचारका कारण स्थिर सरकार हुन सकेन र २०१२ मा पुनः एलडिपीका नेता सिन्जो आबेको नेतृत्वमा एलडिपी बहुमतसहित सत्तामा पुनर्बहाली भयो । यसबाट यो पुष्टि हुन्छ कि सुशासन, विकास र स्थिरता जसले दिन्छ त्यही नै जनताबाट अनुमोदित दल राज्यसत्ता सञ्चालनका लागि योग्य मानिन्छ ।

जनताको लोक-समर्थनका कारण फिलिपिन्समा फर्डिनाण्ड मार्कोसले राज्यसत्ता सम्हालेका थिए तर देशमा सुशासन कायम गर्न सकेनन् । भ्रष्टाचार, मानव अधिकारको उल्लङ्घन, परिवारवाद र राज्यसत्तामा टिकिरहन राज्यको स्रोत साधनको दुरुपयोग आदि कारणबाट अलोकप्रिय भए । उनको सन् १९६५-१९८५ सम्मको शासन अवधिमा देशको वैदेशिक ऋण दुई अर्बबाट बढेर ३० अर्ब पुग्यो, जसमध्ये १० अर्ब डलर निज र निजको परिवारको नाममा जम्मा भएको थियो । तर जनताको १९८६ को आन्दोलनबाट पुनः प्रजातन्त्र स्थापना भयो, भ्रष्टाचारको जालो नियन्त्रण हुने आश गरियो र मार्कोसको पतन भयो तर पनि राज्य सञ्चालनमा कुनै सुधार हुन सकेन ।

बेनिग्नो आक्विनोको कार्यकाल २०१०-२०१६ सम्म फिलिपिन्सको आर्थिक समृद्धि र कानुनको शासनको दृष्टिबाट सबैभन्दा सफल मानिन्छ । तर त्यसपछिका दिनहरुमा राज्यसत्ता अनियमितता, भ्रष्टाचार, अपराधिक क्रियाकलाप र लागूऔषध कारोबार तथा परिवारवाद र विभिन्न काण्डहरुबाट वदनाम भइरहे । त्यसको फलस्वरुप लोकभावनावादको उपयोग गरी राष्ट्रपति रोड्रिगो दुतेर्ते निर्वाचित भए । तर उनी निर्वाचित भएपछि अनाधिकृत हत्या, मानव अधिकारको हनन, गरिब र धनीबीचको खाडल बढ्दै गएको तथा जनताको जीवन सहज हुन नसकेको टिप्पणीहरु हुन थालेका छन् । वर्तमान राष्ट्रपति बोंगबोंग मार्कोस सत्तामा आएपछि केही सुधारका प्रयास नभएका पनि होइनन् । लामो प्रजातान्त्रिक अभ्यासका बाबजुद पनि देशले विकासको फड्को मार्न सकेको छैन, इमान्दार, प्रतिबद्ध र दूरदृष्टि भएका राजनीतिक दल र नेतृत्वहरुको अभावका कारण ।

भारत संसारको सबैभन्दा ठूलो प्रजातान्त्रिक देश हो । सन् १९५० देखि १९८० सम्म आर्थिक वृद्धि दर औसत ३.५ प्रतिशतको हाराहारीमा रह्यो । यसले सोभियत रुसको समाजवाद उन्मुख आर्थिक सिद्धान्तलाई मूल आधार मान्यो र पूर्वी एशियाहरुले झैं पूँजीवादी उन्मुख आर्थिक उदारवादलाई आर्थिक नीतिको आधार बनाएन । सन् १९९० को आर्थिक सङ्कटपछि मात्र आर्थिक उदारीकरण र खुला अर्थतन्त्रलाई अवलम्बन गऱ्यो । यसपछिका अढाई दशक औसत आर्थिक वृद्धि दर ६.५ देखि ७.५ प्रतिशतसम्म रह्यो जुन उत्साहवर्द्धक रह्यो । यस अवधिमा कुल गार्हस्थ्य उत्पादन झण्डै तीन दोब्बर हुन गयो । तर आज पनि कुल जनसङ्ख्याको ४० प्रतिशत जनताको आय प्रतिदिन अमेरिकी डलर १.९ देखि ३.१० को परिधिभित्र पर्दछ । यसको कुल गार्हस्थ्य उत्पादन चीनको तुलनामा झण्डै आधा र अमेरिकाको तुलनामा एक दशांश मात्र रहेको छ ।

फिलिपिन्स र भारतको लामो अराजक प्रजातान्त्रिक अभ्यासबाट अपेक्षित परिमाणमा जनताको जीवनको गुणस्तरमा सुधार हुन नसकेको र आर्थिक समृद्धि पनि सन्तोषजनक नभएको देख्दा कतै अधिनायकवादी चीन वा विगतको कोरिया, मलेसियाका लोकउपकारी तानाशाही व्यवस्था देश र आमजनताको समृद्धिको लागी "प्रजातन्त्र" भन्दा प्रभावकारी बाटो त होइन भन्ने प्रश्न स्वभाविक रुपमा उठ्ने गर्दछ । यसर्थ कहिलेकाहीँ विकास र प्रजातन्त्र सँगसँगै हिंड्दैनन् । यसबाट व्यवस्था साध्य होइन, साधन मात्र हो भन्ने कुराको पुष्टि हुन्छ ।

**नेपालमा लोकतन्त्रको अभ्यास**

हाम्रो देशको पनि विसं २००७ को परिवर्तनपछि प्रजातन्त्रको अभ्यासको सुरुवात भएको हो । विसं २०१५ को निर्वाचित सरकार, विसं २०१७ मा निर्वाचित सरकारलाई राजाबाट अपदस्थ, विसं २०१९ मा निर्दलीय पञ्चायती व्यवस्थाको सुरुआत, विसं २०४६ मा राजासहितको प्रजातन्त्र, २०६२/६३ को आन्दोलन र गणतन्त्रको स्थापना तथा नेपालको संविधान २०७२ को जारीका साथै सङ्घीय गणतन्त्रामक राज्य व्यवस्थाको स्थापना यी सबै परिवर्तन देश र जनताको हित र समृद्धिका नाममा घटेका घटनाहरु हुन् ।

परिवर्तन त्यति खेर सम्भव हुन्छ, जब यसले विगतको विकृत कुशासनबाट मुक्ति दिने विश्वास दिलाउँछ । तसर्थ, परिवर्तनपश्चात राज्यसत्तामा आएका शासकहरुलाई विगतको कमीकमजोरीलाई देखाएर आफ्नो औचित्य र सान्दर्भिकता देखाउन छुट हुँदैन । उनीहरुले सुशासन, सन्तुलित विकास, न्यायोचित वितरण प्रणाली, सामाजिक न्याय, आर्थिक समृद्धि आदिको माध्यमबाट परिवर्तनको औचित्यता र महत्वलाई प्रमाणित गर्नु पर्दछ । संविधान जारी भएको आठ वर्ष पूरा भएको छ । यो बीचमा छ वटा सरकार बनेका छन् । तर जनताले अधिकार पाउने कानुन बनाउन भने कुनै पनि सरकारको प्राथमिकता परेको देखिएन । संविधान जारी भएपछि सबै जाति, क्षेत्र, लिङ्ग र समुदायलाई समान अधिकार दिएको भन्दै देशभर उत्सव मनाइएको थियो भने मधेसमा राजनीति गरिरहेका कतिपय दलहरुको असन्तुष्टि भने रहेको छ ।

कानुन, लोकतन्त्र, मानवअधिकार र विकासका लागि कुशासन खतरनाक हुन्छ । तटस्थता, निष्पक्षता, र सामाजिक न्यायलाई कमजोर बनाउँछ । न्यायको पहुँच कमजोर हुन जान्छ । प्रतिष्पर्धालाई निरुत्साहित र विकृत बनाउँछ । आर्थिक विकासका लागि प्रयोग हुने सीमित स्रोत संशाधनको दुरुपयोग बढ्छ । विकास अवरुद्ध हुन्छ । लोकतान्त्रिक संस्थाको स्थिरता र समाजको नैतिक आधारमा स्खलन आउँछ । आम जनता सम्मानपूर्वक गुणस्तरीय जीवन बाँचनबाट वञ्चित हुन्छन् । समाजमा राज्यसत्तामा बस्ने शासक र दलप्रति वितृष्णा बढ्न थाल्छ । नैराश्यता र आक्रोश बढ्छ । र अन्तत्तोगत्वा ती शासक वा दलहरुको पतन हुन्छ । त्यसैले आजको पहिलो प्राथमिकता सुशासनको स्थापना र विकास हुनु पर्दछ ।

**प्रजातान्त्रिक राष्ट्रको वैचारिक विचलन**

विश्वका धेरै देशमा प्रजातान्त्रिक सरकार छन्, तर अहिले प्रजातन्त्र धरापमा परेका तथ्यहरू बाहिरन थालेका छन् । 'द इकोनोमिस्ट इन्टेलिजेन्स युनिट'का अनुसार प्रजातन्त्र लगातार ओरालो लागेको देखिएको छ । विश्वको सबैभन्दा ठूलो प्रजातान्त्रिक मानिएको देश अमेरिकामा पनि प्रजातन्त्र लगातार कमजोर बन्दै गएको देखिन्छ । हामीले विश्व मञ्चमा आर्थिक 'रिसेसन' बारे अध्ययन र अनुभव गरेका छौँ । प्रजातन्त्रको पुनर्जागरणबारे अनुभव गर्ने दिन आउन सक्छन् भनेर स्टानफोर्ड विश्वविद्यालयका प्राध्यापक ल्यारी डायमन्डले १४ वर्षअघि नै भविष्यवाणी गरेका थिए ।

आज विश्वमा प्रजातान्त्रिक व्यवस्थाका कमी-कमजोरीलाई सुधार गरिएन भने विश्व पुनः नयाँ मोडेलमा अगाडि बढ्न सक्छ । अमेरिकी समालोचक स्यामुयल पि हन्टिङटनले पोस्ट कोल्ड वारदेखिको विश्वमा द्वन्द्व राजनीतिक द्वन्द्व नभएर सभ्यताको द्वन्द्वतिर गएको छ भनेका छन् । राष्ट्रबीचको भिन्नता, विचार, राजनीति र राजनीतिक अर्थतन्त्रको आधारमा होइन, संस्कृति र सभ्यताका आधारमा हुने भयो भनेका थिए ।

माल्थसले विश्वमा बढ्दै गएको जनसंख्यालाई मानिसले

***बाँकी तीन पृष्ठमा***

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# ४२ प्रतिशतमा यौन रोगको लक्षण

काठमाडौं, ३ फागुन (रासस)।

यौन व्यवसायमा संलग्न महिलालाई विभिन्न प्रकारका यौन रोगको लक्षण देखिएको अध्ययनमा पाइएको छ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सार्वजनिक गरेको 'महिला यौनकर्मीबीच एकीकृत जैविक र व्यावहारिक निगरानी सर्वेक्षण' मा गरिएको अध्ययनमा ४२ प्रतिशतमा यौन रोगको लक्षण देखिएको पाइएको हो।

अध्ययनमा सहभागी अनुसन्धानकर्ता प्रतिमा दवाडीले एचआइभी/एड्स, हेपाटाइटिस 'बी', हेपाटाइटिस 'सी' र भिरङ्गीजस्ता रोग ती महिलामा देखिएको बताउनुभयो।

उहाँका अनुसार एचआइभी तथा एड्स चार जनामा, हेपाटाइटिस 'बी' चार जनामा, हेपाटाइटिस 'सी' छ जनामा र भिरङ्गी ५४ जनामा देखिएको देखिएको थियो। अध्ययनमा यौन रोग लागेका ३४ प्रतिशतले मात्र औषधि सेवन गरिरहेको पाइएको छ। यौन व्यवसायमा लागेका ५५ प्रतिशत महिलाले एचआइभी परीक्षण पनि नगरेको पाइएको छ।

परिषद्ले पोखरामा गत वैशाखदेखि असोजसम्म ३६४ जनामा यौन व्यवसायमा संलग्न महिलामा अध्ययन गरेको थियो। तीमध्ये विवाहित १६९, अविवाहित ८१ र सम्बन्धविच्छेद गरेका ९९ र विधवा १५ जना थिए। अध्ययनमा १८ वर्षदेखि ५८ वर्ष उमेरसमूहका महिला थिए।

परिषद्का वरिष्ठ अनुसन्धान अधिकृत डा मेघनाथ धिमालले धेरै महिलामा एचआइभी एड्स र शारीरिक सम्बन्धबाट लाग्ने रोगबारे कम जानकारी रहेको पाएको बताउनुभयो।

अध्ययनअनुसार पहिलो पटक शारीरिक सम्पर्क हुँदा १० वर्ष र बढीमा २५ वर्ष उमेर रहेको पाइएको अनुसन्धानकर्ता दवाडीको भनाइ थियो।

उहाँले यौन व्यवसायमा २१ वर्षदेखि ३० वर्ष उमेरसमूहका बढी रहेका, ६० प्रतिशत महिलाले १६ देखि २० वर्षभित्रमा विवाह गरिसकेका र ३५ प्रतिशत महिलाले गर्भपतन गराएको पाइएको जानकारी दिनुभयो। अध्ययनमा धेरैले परिवार पाल्नका लागि यौन व्यवसायमा आबद्ध भएको बताएका अनुसन्धानकर्ता दवाडीको भनाइ थियो। "धेरैजसोले परिवारमा पैसाको अभावकै कारण यौन व्यवसाय लाग्नुपरेको बताएका थिए। यसैगरी लकडाउन, श्रीमान्को मृत्यु, श्रीमान्ले छोडेर गएकाले पनि यौन व्यवसायमा संलग्न भएको पाइयो", उहाँले भन्नुभयो।

**लागुऔषधको दुर्व्यसनी**

अध्ययनमा यौन व्यवसायमा संलग्नले मादक पदार्थ तथा लागुपदार्थ सेवन गरेको पनि पाइएको छ। उहाँका अनुसार ६० प्रतिशतभन्दा बढीले मादकपदार्थ सेवन गर्ने गरेको र ११ दशमलव आठ प्रतिशतले दैनिक मादक पदार्थ खाने गरेको पाइएको छ।

यस्तै यौन व्यवसायमा संलग्नमध्ये १० दशमलव चार प्रतिशत लागुऔषध प्रयोगकर्ता रहेको पाइयो। लागुऔषध सुईमार्फत प्रयोग गर्ने गरेको अनुसन्धानकर्ता दवाडीले बताउनुभयो। यसैगरी दुई दशमलव सात प्रतिशतले लागुऔषधका लागि शारीरिक सम्पर्क गर्ने गरेको पाइएको उहाँले बताउनुभयो।

**परिवारलाई जानकारी छैन**

अध्ययनअनुसार सबैजनाले परिवारमा आफ्नो पेसाबारे जानकारी नभएको बताएका थिए। पारिवारिक मेलमिलाप तथा सामाजिक प्रतिष्ठामा असर पर्ने भएकाले यस्ता कुरा सुरक्षित राख्ने गरिएको छ।

यौन व्यवसायमा लाग्ने धेरैजसोले आधारभूत शिक्षा लिएको पाइएको छ। छदेखि १० कक्षा पास गरेका धेरैजसो थिए भने १० कक्षामाथिका २७ दशमलव चार प्रतिशत थिए। परिषद्का वरिष्ठ अनुसन्धान अधिकृत डा मेघराज धिमालले यौन व्यवसायमा लाग्ने महिलालाई आम्दानी हुने खालका सीपमूलक तालिम दिएर सम्पन्न गराउनसके यौन व्यवसायमा छोड्ने भएकाले महिलालाई मानसिक स्वास्थ्य र परामर्श सेवा सरकारले उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो।

उहाँले अध्ययनले नीति निर्माता तथा कार्यक्रम तर्जुमा गर्नेलाई वास्तविक यौन व्यवसायका पीडा देखाउने र तिनीहरुका पक्षमा योजना बनाउन सजिलो हुने बताउनुभयो।

---

*प्रजातान्त्रिक...*

नियन्त्रण गरेन भने प्रकृतिले आफ्नो सन्तुलन आफैं मिलाउँछ भनेजस्तै प्रजातन्त्रमा पनि माल्थसको नियम लागू नहोला भन्न सकिँदैन। प्रजातन्त्रका महत्वपूर्ण अङ्ग भनेका प्रजातान्त्रिक संस्था हुन्। व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका प्रजातन्त्रका महत्वपूर्ण संस्था हुन्। यी संस्थाले प्रजातान्त्रिक व्यवस्थाको मजबुतीका लागि एक-अर्कालाई नियन्त्रण र सहयोगका लागि काम गर्छन्।

नेपालमा उपलब्ध धेरै दल छन्। तीमध्ये कैयौं दलको राजनीतिक दर्शन, सिद्धान्त र विचारको आधार नै छैन। त्यही खुद्राखाद्री सभ्यता, स्वार्थ, प्रतिष्ठा र पहिचानको आधारलाई नै पार्टी संगठनको सिद्धान्त बनाएको देखिन्छ। त्यही राजनीतिक सैद्धान्तिक आधारबिना नै क्षेत्रीय पार्टी खुलेका हुन्। कतिपय दलका नेताहरुले निहित स्वार्थमा पार्टी खोलेको देखिन्छ। हिजो नेपाली कांग्रेस, नेकपा(एमाले) र नेकपा (माओवादी केन्द्र)कै दलबाट छुट्टिएर पार्टी गठन गरिएका छन्। पार्टीको नाम नै व्यक्तीकरण हुनुको कारण सैद्धान्तिक विचलनकै असर हो भन्न सकिन्छ।

**राजनीतिक दलहरु र लोकतन्त्रः अन्तर कि आन्तरिक ?**

अन्तर पार्टी प्रतिस्पर्धा र आन्तरिक लोकतन्त्रमध्ये कुन माध्यमबाट लोकतन्त्र प्राप्त गर्ने भन्ने तनावपूर्ण अवस्था नै दलसम्बन्धी कानून अनुकूल सल्लाह मोडेलको चिन्ताको विषय हो। दलहरुबीचको प्रतिस्पर्धा लोकप्रिय मत प्राप्त गरेर सार्वजनिक पद धारण गर्ने क्रम नै अन्तरपार्टी प्रतिष्पर्धा हो। दलका आम सदस्यहरुलाई सार्वजनिक नीति निर्माण र दलगत अभ्यासमा सहभागी हुने अवसर उपलब्ध गराउने, सहभागिता अभिवृद्धि गर्ने सवालमा आन्तरिक लोकतन्त्र प्रतिविम्बित हुन्छ। निश्चित रुपमा यी दुई एक अर्काका परि पूरक होइनन् तर अन्य दलहरुको मतदातालाई के उपलब्ध गराएका छन्। सामाजिक विकासको मूल ऊर्जा र दलगत सङ्गठन विकासक्रमसँग कुन गतिमा अनुकूल रहन सक्छ भन्ने जस्ता सवालमा विद्यामान दूरीको आधारमा ती दुईबीचको तनाव बृहत नभए महत्वपूर्ण पनि हुन सक्दछ।

आन्तरिक लोकतन्त्रका साथै अन्तरपार्टी प्रतिस्पर्धा प्रवर्द्धन गर्ने कानून सस्यौदा गर्नुपर्छ त ? दलसम्बन्धी विद्वानहरुले एकातर्फ दलको विकासक्रममा उत्पन्न समस्याका कारण, विविधता र शक्ति विकेन्द्रीकरण गर्न सक्ने गरी विशेष सुधार अवलम्वन गर्ने र अर्कोतर्फ आन्तरिक लोकतन्त्रको विशिष्ट आवश्यकताका लागि बाह्य प्रभावमा गरिने सुधारबीच निश्चित भिन्नता रहेको बताउछन्। दलहरु कसरी सङ्गठित रहने भन्ने सवालमा आवश्यकता र सल्लाहका आधारमा दलसम्बन्धी कानून निर्माण गर्ने सदस्यहरुको पहल र दलहरु एवं लोकतन्त्रबीचको अन्तरसम्बन्ध कस्तो हुनुपर्छ भन्ने विद्वानहरुको भनाइमा भिन्नता आउन सक्दछ र दलहरुको बहन क्षमता जोखिममा पर्न सक्दछ।

अन्त्यमा, जापानको लिबरल डेमोक्र्याटिक पार्टी वा सिंगापुरको पिपल्स आक्सन पार्टीको निरन्तरता उनीहरुले आमजनताको सम्मानपूर्वक बाँच्ने अधिकारको संरक्षण, आर्थिक समृद्धि, राष्ट्रिय एकता र सन्तुलित विकासमा गरेको योगदानका कारण सम्भव भएको हो। लामो समयसम्म राज्य सत्तामा रहेको र स्रोत साधनबाट सम्पन्न भारतको कांग्रेस पार्टी आज क्षेत्रीय दलको आकारमा सीमित हुन पुगेको छ, कुशासनका कारण। यसर्थ, दलको सुदृढीकरण वा चुनाव जित्ने हत्कण्डा भन्दा आमजनतालाई सुशासन, समृद्धि, शान्ति र आत्मसम्मानका साथ बाँच्न सक्ने आधारहरु तयार गर्ने कुराको महत्व बढी हुन्छ। दल ठूलो होइन, जनता सर्वेसर्वा हुन् भन्ने तथ्यलाई आत्मबोध गर्नु जरुरी छ। *(लेखक अधिवक्ता हुनुहुन्छ)*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


# विश्व समाचार

## जापानलाई उछिन्दै जर्मनी बन्यो विश्वको तेस्रो ठूलो अर्थतन्त्र

टोकियो, ३ फागुन (रासस/एएफपी)।

जापानले विश्वको तेस्रो ठूलो अर्थतन्त्रको हैसियत गुमाएको छ। सन् २०२३ का लागि उसको कूल गार्हस्थ्य उत्पादन ५९१.४८ ट्रिलियन येन (४.२१ ट्रिलियन अमेरिकी डलर) रहेको छ। जापानलाई जर्मनीले उछिनेको छ अर्थात् जर्मनीको अर्थव्यवस्थाको आकारभन्दा जापानको अर्थव्यवस्था कम भएको छ। सन् २०२३ मा जर्मनीको कूल गार्हस्थ उत्पादन कूल ४.४६ ट्रिलियन डलर कायम भएको छ।

जापानको अर्थतन्त्रमा गत वर्षको तेस्रो र चौथो त्रैमासिक अवधिमा लगातारको संकुचन देखाएको बिहीबार सार्वजनिक सरकारी तथ्याङ्कले यहाँको आर्थिक मन्दीलाई सङ्केत गरेको छ। कमजोर खर्चका कारण अक्टोबर-डिसेम्बरको अवधिमा अर्थतन्त्र ०.४ प्रतिशतको दरले खुम्चिएको तथ्याङ्कले देखाएको छ। जापानमा उत्पादित वस्तु तथा सेवाको कूल मूल्य वास्तविक कूल गार्हस्थ उत्पादन (जिडिपी) अघिल्लो त्रैमासिकको तुलनामा ०.१ प्रतिशतले घटेको सरकारको प्रारम्भिक तथ्याङ्कले देखाएको छ।

क्याबिनेट कार्यालयका अनुसार दोस्रो त्रैमासिकको तुलनामा सन् २०२३ को तेस्रो त्रैमासिकमा ०.८ प्रतिशतले कमी आएको हो। जापानको कूल गार्हस्थ्य उत्पादनको आधाभन्दा बढी हिस्सा ओगटेको निजी उपभोग अक्टोबर-डिसेम्बर अवधिमा ०.२ प्रतिशतले घटेको छ, जुन लगातार नौ महिनाको गिरावट हो।

व्यावसायिक लगानी पनि ०.१ प्रतिशतले खुम्चिएको छ। कूल गार्हस्थ्य उत्पादनमा नकारात्मक प्रभाव पार्ने आयात १.७ प्रतिशतले बढेको छ भने निर्यात २.६ प्रतिशतले बढेको छ। बिहीबारको तथ्याङ्कले सन् २०२३ मा जापानको कूल गार्हस्थ उत्पादन (जीडीपी) १.९ प्रतिशतले वृद्धि भई नाममात्रको हिसाबले ५.७ प्रतिशतले वृद्धि भएको देखाएको छ।

## प्रदूषण बढेपछि बैङ्ककमा घरबाट नै काम गर्न आग्रह

बैंकक, ३ फागुन (रासस/एएफपी)।

थाइल्याण्डको राजधानी बैङ्ककमा बिहीबार धुवाँको बाक्लो तह फैलिएपछि हानिकारक वायु प्रदूषणबाट बच्न बैङ्क शहरका कर्मचारीहरूलाई घरबाट काम गर्न भनिएको छ।

करिब एक करोड १० लाख जनसंख्या रहेको यस शहरमा कामदारहरूलाई प्रदूषणबाट बच्नका लागि शहरका अधिकारीहरूले कम्तीमा शुक्रबारसम्म सकेसम्म घरबाट नै आफ्नो सेवा प्रवाह गराई सहयोग गर्न त्यहाँका सरकारी अर्ध-सरकारी, निजी कार्यालय संघसंस्था र रोजगारदाताहरूसँग आग्रह गरेका छन्।

वायु निगरानी गर्ने वेबसाइट आईक्यूएयरले बिहीबार बिहान बैङ्कलाई विश्वका १० सबैभन्दा प्रदूषित शहरको सूचीमा राखेको छ। आईक्यूएयरका अनुसार सबैभन्दा खतरनाक पीएम २.५ कणको स्तर विश्व स्वास्थ्य संगठनको वार्षिक दिशानिर्देशभन्दा १५ गुणा बढी थियो।

बैंककका गभर्नर चाडचार्ट सिटिपन्टले बुधबार अबेर राति शहरका आफ्ना सबै कर्मचारीले बिहीबार र शुक्रबार घरबाटै काम गर्ने बताउनुभएको छ भने शहरका अन्य सेवा प्रदायी सङ्घसंस्थाहरूलाई पनि सहयोगका लागि आग्रह गर्नुभएको छ।

उहाँले भन्नुभयो, "वायु प्रदूषणका कारण ६० हजारभन्दा बढी मानिस प्रभावित भएका छन्। त्यसैले सरकारी कार्यालय र निजी क्षेत्र गरी करिब १५१ कम्पनी र संस्थाहरूको बीएमए नेटवर्कसँग सहयोगको लागि अनुरोध गर्दछु," उहाँले एक विज्ञप्तिमा भनेका छन्।"

चाडचार्टका अनुसार बैंककका ५० जिल्लामध्ये कम्तीमा २० जिल्लामा पीएम २.५ कणको अस्वस्थकर स्तर हुने अनुमान गरिएको छ र शान्त मौसमका कारण यो समस्या लम्बिने छ।

थाइल्याण्डमा शहर वरपरका किसानहरूले वर्षको प्रारम्भिक महिनाहरूमा मल र न्यानोका लागि खेतबारीमा नल पराल जलाउँदा निस्किने धुवाँले औद्योगिक उत्सर्जन र वाहनबाट निस्किने धुवाँमा हावाको गुणस्तर नियमित रूपमा घट्ने गर्छ।"

राजधानी बैङ्कक र उत्तरी शहर च्याङ माई गत वर्ष कैयौं दिनसम्म विश्वको सबैभन्दा प्रदूषित शहरको सूचीमा परेका थिए।

प्रदूषणका कारण थाइल्याण्डमा सन् २०२३ मा कम्तीमा २० लाख मानिसलाई उपचारको आवश्यकता परेको थियो।

गत अगस्टमा पदभार ग्रहण गरेको प्रधानमन्त्री श्रेता थाभिसिनको सरकारले वायु प्रदूषणको सामना गर्न 'राष्ट्रिय एजेन्डा' बनाउने वाचा गरेको थियो र उहाँको क्याबिनेटले गत महिना स्वच्छ वायु ऐनको मस्यौदा अनुमोदन गरेको थियो।

तर यो समस्या कायमै छ र गत महिना च्याङ माईको अदालतले सरकारलाई ९० दिनभित्र वायु प्रदूषण नियन्त्रणका लागि तत्काल योजना ल्याउन आदेश दिएको थियो।

## श्रीलंकाबाट फरार ४२ अपराधीलाई पक्राउ गर्न इन्टरपोलमार्फत् पक्राउ पूर्जी जारी

कोलम्बो, ३ फागुन (रासस/सिन्वा)।

श्रीलंकाका कार्यवाहक प्रहरी महानिरीक्षक देशबन्धु तेन्नाकुनले देशबाट भागेका ४२ जना अपराधीविरुद्ध इन्टरपोलले 'रेड नोटिस' जारी गर्न पहल गरेको बताउनुभएको छ। राजधानीमा एक समारोहमा बोल्दै तेन्नाकुनले भन्नुभयो, "माथिका व्यक्तिहरू अपराधमा संलग्न छन् र लागुऔषध व्यापारमा संलग्न छन्।"

टेन्नाकुनले इन्टरपोलको सहयोगमा विदेशमा रहेका अपराधीलाई स्वदेश फर्काउन सकिनेमा आफू विश्वस्त रहेको बताउनुभयो। दुबईमा लुकेर बसेका श्रीलङ्काको एउटा ठूलो गिरोहका एक प्रमुख सदस्य 'पियुमा' भनिने पियुम हस्तिकालाई बिहीबार बिहान श्रीलङ्का फर्काइएको उहाँले बताउनुभयो।

"पियुमा" लाई सोधपुछ गर्दा श्रीलंकामा सङ्गठित अपराधका धेरै पक्षहरु पत्ता लाग्ने छन्", टेन्नाकुनले भन्नुभयो। "इन्टरपोलको सहयोगमा उनीहरूले शरण लिएका देशहरूबाट चाँडै नै अन्य धेरै अपराधीहरूलाई फर्काइनेछ।

# प्रजातन्त्र सेनानी कुशेश्वर पाठकको सम्झनामा नृत्य प्रतियोगिता



**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**
प्रजातन्त्र सेनानी कुशेश्वर पाठक स्मृतिमा जिल्ला स्तरिय नृत्य प्रतियोगिता तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको छ ।

सप्तरीको तिलाठी कोईलाडी गाउपालिका १ स्थित सरस्वती पुजनोत्सव तथा मेला समितिको आयोजनामा बिहीबार जिल्लाका विभिन्न बिधालयका वालवालिकाहरूको सहभागितामा नृत्य प्रतियोगिता गरिएको हो ।

तिलाठी कोईलाठी गाउपालिका १ पाठशाला प्रागणमा आयोजित नृत्य प्रतियोगितामा वडा अध्यक्ष दिनेश्वर मिश्र, मेला समिति अध्यक्ष अजित कुमार मिश्र लगायतको उपस्थिति रहेको थियो ।

नृत्य प्रतियोगितामा सप्तरीका लिटिल एन्जेल बोडिंग स्कुल, राजबिराजका मिथिला नगरिया, मिथिला पब्लिक एकेडमी स्कुल, शारदा बोडिंग स्कुल, लिटिल सकेन्ड्री स्कुल लगायत बिधालयहरूले सहभागिता जनाएका थिए ।

# नाबालिगलाई ललाईफकाई बलात्कार

**दैनिक समाचारदाता**
**सिरहा, ३ फागुन ।**
सिरहाको लहानमा एक नाबालिगलाई ललाईफकाई बलात्कार गरेको घटना बाहिरिएको छ । लहान नगरपालिका १ स्थित साथीको कोठामा लगेर बलात्कार गरेको घटना बाहिरिएको हो ।

'भ्यालेन्टाइन डे' मनाउन कोठामा बोलाएर निकेश यादवले १५ बर्षिया नाबालिगलाई बलात्कार गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

लहान १ स्थित अरुण यादवले भाडामा लिएर बस्दै आएको कोठामा निकेश यादवले नाबालिगमाथि बलात्कार गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार बुधबार दिउँसो बलात्कृत बालिका अत्यधिक रक्तश्राव भएर भएर बेहोस भएकी थिइन् । उपचारपछि उनको अवस्था सामान्य बनेपछि घर पठाइएको प्रहरी प्रवक्ता रवीन्द्रराज पाण्डेले बताए ।

घटनास्थल पुगेर प्रमाण जुटाउने काम गरेपछि बिहीबर बिहान पीडकलाई पक्राउ गरिएको उनले तबाए । पक्राउ परेका पीडक र पीडित बालिका दुबैजनाको मेडिकल गराएर बाँकी प्रक्रिया आगाडि बढाइएको छ । प्रहरीका अनुसार दुबैजना साथी नै रहेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ । अहिले पीडक यादवमाथि जबरजस्ती करणी मुद्दा अन्तर्गत म्याद थप गरेर कानुनी प्रक्रिया अगाडि बढाइएको इलाका प्रहरी कार्यालय लहानका डिएसी भोला भट्टले जनाए ।

# अमेरिका लैजाने भन्दै बन्धक बनाइएका ११ जनाको उद्धार

काठमाडौं, ३ फागुन (रासस) ।
जिल्ला प्रहरी परिसर काठमाडौंको प्रहरी टोलीले अमेरिका लैजाने भन्दै काठमाडौंमा ल्याएर बन्धक बनाइएका ११ जना भारतीय नागरिकको उद्धार गरेको छ ।

परिसरबाट खटिएको प्रहरीको विशेष टोलीले उनीहरूलाई गए राति काठमाडौंको रातोपुल क्षेत्रबाट उद्धार गरेको जिल्ला प्रहरी परिसरका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक भूपेन्द्र खत्रीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रो परिसरको टोलीले अमेरिका लैजाने भन्दै काठमाडौंमा ल्याएर बन्धक बनाइएका भारतीय नागरिकको उद्धार गरेको छ, विस्तृत विवरण बिहीबार सार्वजनिक गरिने छ ।"

# मूर्ति सेलाउने क्रममा झडप, एक घाइते

**दैनिक समाचारदाता**
**रौतहट, ३ फागुन ।**
रौतहटको ईशनाथ नगरपालिकामा सरस्वतीको मूर्ति सेलाउन जाने क्रममा झडप हुँदा एकजना घाइते भएका छन् ।

ईशनाथ ५ जटहरा गाउँबाट सरस्वतीको मूर्ति लिएर डुमरिया गाउँ छेउ अडुवा नदीमा सेलाउन जाने क्रममा मोतिपुर गाउँमा मुस्लिम समुदायका केही मानिसले ढुंगामुढा गर्दा स्थानीय नरेश पासवानको टाउको फुटेको तथा अन्य कैयौँलाई चोटपटक लागेको हो ।

सरस्वती माताको मूर्ति लिएर दर्जनौंको संख्यामा गइरहेकाहरू माथि एक्कासि ढुंगामुढा प्रहारसँगै खुर्सानीको धूलो फालिएको प्रत्यक्षदर्शीले बताएका छन् ।

घटनाको खबर लगत्तै रौतहट प्रहरी प्रमुख एसपी महेन्द्रकुमार श्रेष्ठ घटनास्थल पुगेपछि हिन्दु समुदायका मानिसहरू मूर्ति बाटोमा राखेर धर्नामा बसेका छन् ।

एसपी श्रेष्ठ सहितको टोली घटनाको छानबिनसँगै साम्य पार्न पहल गरिरहेको बताएका छन् ।

# राजेन्द्र महतो पक्षद्वारा विभिन्न संर्घषका कार्यक्रम तय

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ फागुन ।**
लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतो पक्षले आफ्ना विभिन्न संर्घषका कार्यक्रमको तय गरेको छ ।

कार्य तालिकाअनुसार महतो पक्षले माघ २५ गतेदेखि चैत १ गतेसम्म विभिन्न १९ वटा कार्यक्रम तय गरेको हो । उनीहरुले फागुन १६ गते काठमाडौंका निषेधित क्षेत्र तोड्ने र प्रदर्शन गर्ने कार्यक्रम तय गरेका छन् । त्यसको तयारीका लागि फागुन १२ गते बैठक बोलाइएको छ ।

फागुन ४ गते उपत्यका विशेष ब्युरोको भेला तथा प्रशिक्षण कार्यक्रम राखिएको छ भने फागुन ५ गते खुलामञ्च अतिक्रमणविरुद्ध प्रदर्शन गर्ने कार्यक्रम राखिएको छ । सो प्रदर्शनको जिम्मेवारी नेवाः र तामाङ राष्ट्रिय बाहिनीले गर्नेछ भने त्यसको नेतृत्व योङ इन्डिजिनिष्ट लिग ( वाइआइएल) ले गर्ने छ ।

फागुन ७, ८ र ९ गते योङ इन्डिजिनिष्ट लिगले प्रशिक्षण कार्यक्रमको आयोजना गर्ने जनाइएको छ । फागुन १० र ११ गते उपत्यका विशेष ब्युराको प्रशिक्षण कार्यक्रम राखिएको छ भने फागुन १३, १४ र १५ गते मधेशका अगुवालाई काठमाडौंमा विशेष प्रशिक्षण दिने कार्यक्रम रहेको कार्य तालिकामा उल्लेख छ ।

फागुन १४ गते उपत्यका विकास प्राधिकरणलाई घेर्ने र प्रदर्शन गर्ने कार्यक्रम राखिएको छ । त्यसको नेतृत्व योङ इन्डिजिनिष्ट लिगले गर्नेछ । फागुन १९ गते योङ इन्डिजिनिष्ट लिगको नेतृत्वमा लप्सी फेदीमा प्रदर्शन र ग्राम गणतन्त्रको घोषणा गर्ने कार्यक्रम रहेको छ ।

स्ट्रगल एगेनेस्ट मर्जिनाइलेजेशन अफ नेशनालिटी इन नेपाल (समान) ले फागुन २० गते १२ वटा राष्ट्रिय परिषद्को घोषणा गर्नुका साथै लिग अफ फस्ट नेशन गठन गर्ने कार्यक्रम रहेको छ । उपत्यका विशेष ब्युरोद्वारा फागुन २१ गते १९ वटा आर्कको घोषणा गर्नुको साथै फागुन २२ गते मधेश ब्युरोद्वारा राष्ट्रिय मुक्ति क्रान्तिका लागि जनकपुरमा विशेष भेलाको आयोजना गर्ने कार्यक्रम रहेको छ ।

फागुन २७ गते सबै पक्षले प्रदर्शनको तयारीका लागि बैठक बस्ने कार्यक्रम तय गरेको छ । चैत १ गते स्ट्रगल एगेनेस्ट मर्जिनाइलेजेशन अफ नेशनालिटी इन नेपाल (समान) द्वारा विशेष अभियानको घोषणा गर्ने कार्यक्रम रहेको रातोपाटीले जनाएको छ ।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगाप्रत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**



# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*